नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाइट: www.daolalitpur.moha.gov.np

पत्र संख्या:

चलानी नं.:

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय ललितपुर

मिति: २०७८/०१/१२

## सूचना ! सूचना !! सूचना !!!

विषय :- अत्यावश्यक बाहेकका सेवा प्रवाह स्थगित गरिएको सूचना ।

विगत केहि दिन देखि काठमाडौ उपत्यकामा कोभिड-१९ को संक्रमण दर उच्च रहेको र संक्रमण दर अझ वढ्दो क्रममा देखिएको अवस्थामा जिल्ला प्रशासन कार्यालय लगायत सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयहरुमा सेवाग्राहीहरुको भिडभाड अत्यधिक भई संकमण सेवाग्राहीहरुमासमेत फैलन सक्ने उच्च जोखिम रहेका कारण कोभिड-१९ को संकमणले भयावह रूप लिन सक्ने अवस्थालाई मध्येनजर गरी काठमाडौ उपत्यकामा रहेका तीनवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुको मिति २०७८/०१/१२ गते बसेको संयुक्त बैठकले मिति २०७८/०१/१३ गते देखि एक हप्ताको लागि जिल्ला प्रशासन कार्यालयवाट प्रदान हुदै आएका अत्यावश्यक सेवाहरु बाहेकको सेवाप्रवाह स्थगित गर्ने र बढी भिडभाड हुने अन्य कार्यालयहरुले हाललाई साप्ताहिक रुपमा सेवा प्रवाहको कार्यतालिका बनाई सार्वजनिक सेवा प्रवाहमा आलोपालोको वैकल्पिक व्यवस्था मिलाई भिडभाड कम गर्ने निर्णय गरेकोले सो अनुसार गर्न गराउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसबाट आमसर्वसाधारणमा पर्न जाने असुविधा प्रति कार्यालय क्षमाप्रार्थी छ ।

०७८/१/१२

ललितकुमार बस्नेत

(नि.प्रमुख जिल्ला अधिकारी)